म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ९५ २०७९ फगुन १३ गते शनिबार 25 February 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-




## उपमहानगरको सुरक्षित आवास योजना

समाज संवाददाता

हेटौंडाः हेटौंडामा सुरक्षित आवास निर्माण कार्ययोजना ल्याइएको छ। हेटौंडा उपमहानगरपालिकाले यहि फागुन ११ गते १० दिने सूचना जारी गर्दै प्रत्येक वडामा पठाएको योजना शाखा अधिकृत किरण थापाले जानकारी दिनुभयो।

संघीय सरकारको सुरक्षित आवास कार्यक्रमअन्तर्गत् रहेर खरको छानो हटाउने कार्यक्रम ल्याइएको उहाँको भनाई छ। सुरक्षित आवास योजना शहरी विकास मन्त्रालयअन्तर्गत् रहेको छ। वडाबाट आएको निवेदनको आधारमा बजेट विनियोजन हुने थापाले बताउनुभयो।

अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा सुरक्षित योजनाअन्तर्गत् हेटौंडा उपमहानगरका ७६ जनाले ५० हजार रुपैयाँको दरले योजना सम्झौता गरेका थिए। अहिले महंगी सँगै सरकारले अनुदान रकम बढाएर ७५ हजार रुपैयाँ पुऱ्याएको छ। गरिबीको रेखामुनी रहेका, प्रकोपमा परी घरबारविहीन भएकाहरुले निवेदन दिन सक्नेछन्।

यस्तै, उपमहानगरपालिकाको २० लाख रुपैयाँसम्मको योजना वडा कार्यालयबाटै सम्झौता हुने भएको छ। योजना शाखाका अनुसार गत वर्षहरुमा १० लाख रुपैयाँसम्मका योजना वडाबाट सम्झौता हुँदै आएको थियो भने अहिले २० लाख रुपैयाँसम्मको साना विकास निर्माणका योजनाको सम्झौता वडा कार्यालयबाटै हुने जनाइएको छ। २० लाखभन्दा माथिका योजना टेण्डरमार्फत् जानेछ।

## हात्तीको आक्रमणबाट बकैयाका माझीको मृत्यु

# जनधनको क्षतिप्रति सर्वत्र आलोचना

समाज संवाददाता

हेटौंडाः जंगली हात्तीको आक्रमणमा परी मकवानपुर जिल्लाको बकैया गाउँपालिका-५, पावसका सन्तलाल माझीको मृत्यु भएको छ। बिहीबार राती ९ बजेको समयमा घर नजिकै बाख्रा खोरमा जाँदै गरेका माझी हात्तीको आक्रमणमा परी घाइते भएका थिए।

घाइते माझीलाई उपचारका लागि हेटौंडा अस्पताल पुऱ्याइएको थियो। हेटौंडा अस्पतालमा उपचारको क्रममा राती ११ बजे माझीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। प्रहरी निरीक्षक बलराम श्रेष्ठका अनुसार माझीको उपचारको क्रममा मृत्यु भएको हो। स्थानीय प्रहरीका अनुसार हात्ती बकैया गाउँपालिकाको धियाँलतर्फ गएको छ।

यसअघि गत सोमबार मकवानपुरको मनहरी गाउँपालिकामा पनि एक महिलाको हात्तीको आक्रमणमा परी मृत्यु भएको थियो। मकवानपुरको मनहरी गाउँपालिकाको मसिनेमा जंगली हात्तीको आक्रमणमा परी घाइते भएकी मनहरी गाउँपालिका-४, मसिनेकी ६४ वर्षीया राधा अधिकारी उपचारको क्रममा चितवन जिल्लास्थित नयाँ मेडिकल कलेजमा मृत्यु भएको हो।

यस्तै बुधबार राती हेटौंडा-१८, मानेडाँडामा जंगली हात्तीको आक्रमणमा परी एकजना पुरुष घाईते भएका छन्। घाइते हुनेमा हेटौंडा-१८, मानेडाँडाका ३० वर्षीय देव वाईबा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। केही दिनअघि हेटौंडा-१८, हर्नामाडीमा बाघको आक्रमणमा परी एक महिला घाइते भएकी थिइन्। वन्यजन्तुको आक्रमणमा परी सर्वसाधारणको ज्यान गए पनि वन्यजन्तुलाई नियन्त्रणमा लिने र जनधनको रक्षा गर्नेतर्फ स्थानीय प्रशासन, वन कार्यालय, राष्ट्रिय निकुञ्जले ध्यान दिन नसकेको भन्दै विरोध भइरहेको छ।

सामाजिक सञ्जालमा संरक्षणको क्षेत्रमा काम गर्ने राज्यका निकायको विरोध भइरहेको छ। वन क्षेत्रको संरक्षणमा जुटेको मानव समूह नै जोखिममा पर्ने अवस्था सिर्जना हुनु जायज नभएको सामुदायिक वन उपभोक्ता महासंघ नेपालकी अध्यक्ष भारती पाठक बताउनुहुन्छ। वन्यजन्तु संरक्षणको नाममा जनताका अधिकार खोसिने, ज्यान जाने अवस्था हुन नहुने पाठकको भनाइ छ। संरक्षणको नाममा प्राप्त हुने पैसाको लोभले सरकार र सरकारी अधिकारीले जनधनको क्षतिलाई कम ठानिरहेको अध्यक्ष पाठकको दावी छ।

यता डिभिजन वन कार्यालय मकवानपुरका अधिकृत शिव सापकोटाले अहिले हात्ती पत्ता लगाउन जिल्ला वन कार्यालयबाट गस्ती परिचालन गरिएको बताउनुभयो। अहिले बकैया, हटियातिर गस्ती खटाइएको उहाँले बताउनुभयो। अहिले पालिका, वडा र सामुदायिक वनका अध्यक्षसँग समन्वय गरेर मान्छेलाई सचेत हुन आग्रह गरिएको उहाँले जानकारी दिनुभयो।

हात्तीलाई लखेट्ने भनेर जिस्क्याउने, ढुङ्गाले हान्ने गरेमा जम्काभेट हुँदा आक्रमण गर्ने गरेको पाइएको उहाँले बताउनुभयो। पर्सा राष्ट्रिय निकुञ्जका अनुसार उक्त भाले हात्ती झापाबाट केही महिना अगाडि आएको भन्ने बुझिएको उहाँले बताउनुभयो। उक्त हात्ती दिउँसो सुरक्षित ठाउँ छाहरीतिर बस्ने र राति भएपछि हिँड्ने गरेको पाइएको उहाँले बताउनुभयो।

हात्तीले जाँड राखिएका टहराहरु भत्काउने र जाँडको गन्ध आउने मान्छेलाई बढी आक्रमण गर्ने गरेको पाइएको उहाँले बताउनुभयो। जिल्ला वन अधिकृत सापकोटाले भन्नुभयो, "हात्तीलाई नियन्त्रणमा लिन कहाँ सजिलोको विषय हो र ? मार्न मिल्दैन, बेहोस गराए पनि उठाउन क्रेन नै चाहिन्छ, हाम्रो यस्तो भूगोलको जंगलमा क्रेन लान सम्भव छैन। सजिलो उपाय उसको गन्तव्यमा जान दिने नै हो।" साँझपख भएपछि जंगल आपसास नजान र हात्तीलाई नजिस्क्याइ आफ्नो बाटो लाग्न दिन उहाँले आग्रह गर्नुभयो। हात्ती देखा परेमा खबर गर्न पनि उहाँले आग्रह गर्नुभएको छ।

# बकैयाका कृषकलाई तरबुजाको विरुवा

समाज संवाददाता

हेटौंडाः बकैया गाउँपालिकाले कृषकहरुलाई तरबुजाको विरुवा वितरण गरेको छ। पालिकाले फागुनको पहिलो सातादेखि कृषकहरुलाई तरबुजाको विरुवा वितरण गर्न सुरु गरेको हो।

हालसम्म करिब ४५ जना कृषकहरुलाई १० हजार विरुवा उपलब्ध गराइसकेको बकैया गाउँपालिकाको आर्थिक विकास शाखा प्रमुख अशोक सिंहले जानकारी दिनुभयो। उहाँका अनुसार पालिकाले गत माघ महिनाको ३ गतेदेखि तरबुलाको ब्याड राख्ने कार्य सुरु गरेको थियो। ब्याड राखेको एक महिना अगावै पालिकाले किसानहरुलाई विरुवा उपलब्ध गराएको उहाँको भनाइ छ।

२२ हजार विरुवा किसानलाई उपलब्ध गराउने लक्ष्य राखिए पनि २० हजार विरुवामात्र १ सय ४५ जना कृषकलाई उपलब्ध गराइने उहाँले बताउनुभयो। एउटा ब्याडमा तरबुजाको विरुवा राम्रोसँग उमार्न नसकेपछि लक्ष्यअनुसार विरुवा उपलब्ध गराउन नसकेको सिंहले जानकारी दिनुभयो।

अझै एकसातासम्म छुटपुट भएका किसानहरुलाई उक्त विरुवा उपलब्ध गराउने उहाँले बताउनुभयो। कम्तिमा ३ कठ्ठा जग्गा भएका कृषक व्यवसायीलाई प्रतिकठ्ठा २ सय वटा तरबुजाको विरुवा उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो। उहाँले एक कठ्ठा जग्गा भएका कृषकहरुलाई भने करिब २० वटा विरुवा उपलब्ध गराइएको बताउनुभयो।

कृषकहरुलाई तरबुजा विरुवा वितरणका लागि पालिकाले ३ लाख रुपैयाँ बजेट विनियोजन गरेको आर्थिक विकास शाखा प्रमुख सिंहले जानकारी दिनुभयो। शुक्रबार नै पालिकाले कार्यालय परिसरमा समेत तरबुजाको बिरुवा रोपेको छ। गाउँपालिका उपाध्यक्ष भक्त खत्रीलगायत बकैया गाउँपालिकाका कर्मचारीले पालिका परिसरमा विरुवा रोपेको हो।

## म्यानेजमेन्टको वेष्ट एथ्लेटिक्समा रोसन र रोजिना

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टले आयोजना गरेको खेलकुद महोत्सवको वेष्ट एथ्लेटिक्समा रोसन माझी र रोजिना उप्रेती उत्कृष्ट खेलाडी घोषित भएका छन्। उत्कृष्ट खेलाडी रोसन र रोजिनालाई म्यानेजमेन्टले २ महिनाको शुल्क छात्रवृत्ति दिने निर्णय गरेको छ। शुक्रबार भएको दौडमा पुरुषतर्फ रासिर आले मगर प्रथम भएका छन्। मगरले १५ मिनेट १५ सेकेण्डमा निर्धारित दुरी पार गरेका थिए। यस्तै, सनिस तामाङ १५ मिनेट २५ सेकेण्डमा दुरी पार ...बाँकी पृष्ठ ३ मा

## औषधी व्यवसायीको साधारणसभा स्थगित

समाज संवाददाता

हेटौंडाः औषधी व्यवसायी संघ मकवानपुरको आज शनिबार हुने भनिएको छैठौं वार्षिक साधारणसभा तथा अधिवेशन स्थगित भएको छ। संघका कार्यवाहक अध्यक्ष नारायणलाल श्रेष्ठले प्राविधिक कारण जनाउँदै शुक्रबार दिउँसो प्रेस विज्ञप्ति जारी गरी साधारणसभा तथा अधिवेशन स्थगित भएको जानकारी गराउनुभएको छ।

प्राविधिक कारण भने पनि के कारण भन्ने स्पष्ट खुलाइएको छैन। साधारणसभा आयोजना हुनुभन्दा एकदिन अघि शुक्रबार बिहान बसेको कार्यसमिति बैठकले संघको आन्तरिक कारणले साधारणसभा स्थगित गर्ने निर्णय गरेको कार्यवाहक अध्यक्ष श्रेष्ठले जानकारी दिनुभएको छ। अधिवेशन स्थगित भएको विषयमा स्थानीय प्रशासन र निर्वाचन समितिलाई पनि जानकारी गराइएको श्रेष्ठले बताउनुभयो। आगामी साता कार्यसमितिले सल्लाहकारसँग समेत परामर्श गरेर आन्तरिक समस्या समाधान गरी साधारणसभा तथा अधिवेशनको नयाँ मिति तय गरिने उहाँले स्पष्ट पार्नुभएको छ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

www.samriddhasamaj.com.np









# उत्कृष्ट खेलौना



## अकबर वीरबलको कथा

अकबरको दरबारमा बिहानको सभा सुरु भएको थिएन । मन्त्री र भारदारहरु भने जम्मा भइसकेका थिए । त्यस बिहान कतै टाढा पुगेकाले वीरबल केही ढिलो आउने समाचार थियो । त्यसै बीचमा दरबारमा एक जना मानिस आए जसले तीनओटा खेलौना पुतली ल्याएका थिए । ती खेलौना निकै सुन्दर थिए । आश्चर्यको कुरा त यो थियो कि तिनओटै उस्तै थिए कुन राम्रो कुन नराम्रो भन्न कठिन थियो । ती खेलौना धेरैका लागि आकर्षणको विषय बन्यो । राजा अकबरले पनि ती खेलौना हेरे । उनलाई निकै राम्रो लाग्यो । उनले ती खेलौना किन्न चाहे ।

'महाराज ! ती खेलौना बेच्नका लागि ल्याइएको होइन । म दरबारलाई उपहार नै दिन सक्छु तर एउटा शर्तमा ।' ती मानिसले भने ।

'के शर्त हो त्यस्तो ? भन', अकबरले आदेश गरे ।

'यी तीन खेलौनामध्ये कुनचाँहि उत्कृष्ट छ छुट्याउन सक्नुपर्छ ।'

खेलौनावालाले भने । अकबरले तीनऔटे खेलौनालाई निकै गहिरिएर हेरे तर एउटा भन्दा अर्को कुन कारणले फरक छ सम्म पनि भन्न कठिनाइ भयो । उनले त्यहाँ रहेका अन्य भारदारहरुलाई त्यो काम लगाए कसैबाट सम्भव भएन । अकबर वीरबलको प्रतिक्षा गर्न थाले । धेरै प्रतिक्षापछि वीरबल सभामा आइपुगे । उनी आसनमा बस्न नभ्याउँदै अकबरले खेलौनाको प्रसङ्ग निकाले । उनले भने, 'है वीरबल ! हामीले त एकजना व्यापारीले दिएको चुनौति पनि सामना गर्न सकेनौँ । उसले हाम्रो खिल्ली उडाउन सक्छ । लौ तिमी नै भन यी तीन खेलौनामध्ये कुन उत्कृष्ट छ ?', अकबरले सोधे ।

वीरबलले तीनओटा खेलौनामध्ये एउटालाई हातमा लिए र कानबाट फू गरेर फुके । त्यस खेलौनाको अर्को कानबाट हावा निस्क्यो । त्यसै गरी उनले अरु दुईओटामा परीक्षण गरे । एउटा खेलौनाको कानबाट फुक्दा मुखबाट हावा निस्क्यो भने अर्को खेलौनाको कतैबाट पनि हावा आएन ।

वीरबलले कानबाट फुक्दा कतैबाट पनि हावा ननिस्किएको खेलौनालाई हातमा राखे र भने, 'यो खेलौना सबैभन्दा उत्तम छ ।'

'यो कसरी ?' अकबरले सोधे ।

'महाराज ! एउटा कानबाट फुक्दा अर्को कानबाट हावा निस्कनु भनेको केही पनि नलाग्ने हो । जति भने पनि वा जति गरे पनि सुधार नआउने हो । कानबाट फुक्दा मुखबाट सास निस्कनु भनेको सुनेजति कुरा अरुलाई सुनाउने हलुका मानिस बन्नु हो जसलाई गोप्य कुरा त भन्नै हुँदैन । कतैबाट पनि ननिस्कनुको मतलब हो शरीरमा धारण गर्नु अर्थात गोपनियता राख्नु । यस्तो मानिस उत्कृष्ठ मानिस हो र खेलौना पनि सोही आधारमा उत्कृष्ट छ ।' वीरबलले बिस्तार गरे । अकबरलाई वीरबलको कुरा मन पर्‍यो । खेलौनावालाले त ताली नै बजाए । उनले भने, 'यो दरबारमा वीरबलजस्ता बुद्धिमान् मानिस छन् भनेर सुनेको थिएँ, देखेको थिइँन तर आज आफ्नै आँखाले देख्न, भोग्न पाएँ । मैले यति कामका लागि यो खेलौना ल्याएको थिएँ । यो दरबारलाई उपहार भयो', खेलौनावालाले भने र बिदा भए ।

# चुनौं सक्षम नेतृत्व



✍ सियाश्री दुलाल

कथा

कुनै एउटा गाउँ थियो उक्त गाउँको नाम तामेल थियो । गाउँ नजिकै तीन वटा बस्ति थियो । त्यहा एउटी केटि स्वेता र एक केटा रबि आफ्नो परिवार सहित बस्ने गर्दथे । उक्त ठाउँ राम्रो थियो तर त्यंहा धेरै समस्याहरु रहेको थियो । उक्त गाउँ पनि कलीले छपक्कै भै सकेको थियो । त्यहि माथि अशिक्षा अर्को चर्को समस्याको रुपमा जरो गाडेर बसेको थियो ि त्यहाँका मानिसहरु छोरी मान्छे मोरंजनको लागि भएको सोचाइ राख्दथे । त्यसैले त्यहाँका चेली हरु छिमेकी देश भारतमा मानब बेच बिखन हुनु स्वाभाविक पनि थियो ।

अर्को एउटा समस्या यो थियोकी ! धेरै छोरीहरु विद्यालय जान नपाएका कारण उनीहरु अशिक्षाको रापमा थिए जसले गर्दा उनीहरुको कुरा बुझ्ने क्षमता, आफ्ना कुरा राख्न पाउने अधिकार र आफूमा केहि समस्या आइहाले त्यसलाई कसरि हल गर्ने भन्ने मानसिक एबम तार्किक सोच विकास उनिहरुमा हुने त ! कुरै भएन । स्वेता र रबि मिल्ने साथि थिए । स्वेताले गाउँको समस्याको बिषयमा रबिसंग कुरा गरिन गरिन । रबि कक्षा १० मा अध्ययनरत थिए । रबि सानै उमेरमा मानसिक रुपमा परिपक्व थिए । उनले स्वेताको कुरा सुने र पुरुषको जिबनलाइ सफल बनाउन एउटा महिलाको महत्वपुर्ण हात हुन्छ, पक्कै पनि एक दिन समाज सुधारको बाटोतर्फ अघि बढ्छ भनि स्वेतालाई सान्त्वना दिए ।

महिनावारी हुँदा पनि बुबा आमाले छोरिलाइ छाउगोठ राख्ने गलत प्रवृतिले उनको मनमा एक किसिमको भय पलाउँदै गएको थियो । कयौं छोरीहरु छाउगोठमा बलात्कृत हुनु परेको छ, धेरैले अकालमा ज्यान गुमाउनु परेको छ । धेरै सानै उमेरमा गर्भवती हुनुपरेको छ, भोलि यो समस्या मैले पनि पक्कै भोग्नु पर्ने छ भन्दै उनि चिन्तित मुद्रामा एकछिन घोत्लिइन । रविले विध्यालयमा सिकेको ज्ञानले सच्चै यी कुराको समाधान गर्न सकिएन भने मैले सिकेको केहि अर्थ छैन भनि बुझे । एउटा समाज जुन सबैको लागि साझा अनि सुरक्षित हुनुपर्ने हो त्यहि नै समाजमा छैन भने यो मानिस बस्ने ठाउँ हैन यो पक्कै पनि ढुंगा बस्ने स्थान रहेछ अब यहि ढुंगालाई पगाल्नुको विकल्प छैन भन्ने कुरा रबि बुझ्दै थिए । त्यतिकैमा रविको मस्तिष्कमा एउटा सपनाको बाढी उर्लन थाल्यो । उनले मन मनै सोच्न थाले । यो ढुंगाको स्थानलाई हराभरा अनि मानिसको स्थान बनाउनु छ, समाज परिवर्तन गर्नु पर्छ । म बसेको स्थानमा न अस्पताल छ, न एउटा राम्रो विद्यालय छ, न त ! हामीलाई बाच्न चाहिने आधारभूत आवश्यकताका कुराहरु नै ! तसर्थ म पढ्नु पर्दछ मैले मेरो गाउँको सेवा गर्नु पर्दछ' भन्ने सोचे । रबिका बा गाउँको हुने खाने, सबैले मान्ने मानिस थिए । समय बित्दै गयो रबि उच्च शिक्षा पढ्नको लागि काठमान्डू पुग्यो रबि ६ वर्षपछी गाउँ फर्कियो । उ गाउँ फर्किंदा उनको हातमा स्नातक तहमा मानविकी संकायमा ग्रामिण विकास अध्ययन गरेको प्रमाणपत्र थियो । असुविधा र गरिबीको कारण स्वेता र उनको कुरा यो छ बर्षमा एकपटक पनि हुन पाएन । उनि ६ वर्ष पछी गाउँ फर्किदा उनले स्वेताको बारेमा सोधे उनको बुबा रामलाल र आमा हिराको आँखा रसिलो भयो । रबि आत्तिदै भने के भयो ? त्यतिकैमा उनकी आमाले पहिलो पटक महिनावारी हुँदा उनलाई छाउगोठमा राख्नाले त्यहाँ उनि मृत फेला परेको बताइन । रबि भाव विह्वल भयो । प्रहरीको अनुसार बलात्कार भई रक्ताश्राब बढी भएकोले समयमा उपचार नपाइ उनको मृत्यु भएको कुरा रविको जानकारीमा आयो । रबि सोच्न थाले 'आफ्नो घर, आफ्नो परिवार अनि आफ्नै समाजमा एउटा चेली सुरक्षित हुँदैनन् भने यो समाज र परिवारको अस्तित्व किन ?' कैयन प्रश्नहरुको उत्तर तत्काल नभेटिने निष्कर्षमा रबि पुगे ।

यस्ता प्रकृतिको घटना फेरी नघटुन र अरुले ज्यान गुमाउनु नपरोस भनि रबिले समाजलाई परिवर्तन गर्न खोजे । घर घर गए , एक एक जनालाई सम्झाई बुझाइ गर्न थाले । सुरक्षित महिनावारीको बिषयमा बुझाउनको लागि रबिसंग अन्य कुनै उपाय थिएन । कतिपय मानिसले उनलाई पागलको र कतिले संस्कृति बिरोधिको संज्ञा दिए तर पनि उनि पछी हटेनन । गाउँमा नया नेतृत्वको चयनको लागि स्थानीय तहको निर्वाचन हुँदै थियो । गाउँमा एउटा दलको सभा थियो । आफ्नो काम सबै छोडेर आउन पार्टीका कार्यकर्ताको उर्दी थियो । खाना खाजा, पैसा पाइन्छ भनेर लोभ्यैएको थियो । रविले त्यहि सभाको सदुपयोग गर्ने जमर्को गरे उनि पनि सभामा गए । उक्त पार्टीको नेताले भाषण गर्दै गर्दा भिडबाट एउटा आवाज आयो 'तपाइको छोरी महिनावारी हुँदा कहा राख्नु हुन्छ ?' सबै चकित भै हल्लीखल्ली गर्न लागे रबि आफु बसेको स्थान बाट उठे र सोधे 'बर्षौ देखि तपाईलाई भोट दिएर जिताउने हामि र तपाइँको अबस्था हेर्दा को बढी नाजुक अवस्थामा छ ?' र '२ पटक जितेर तपाइले यो गाउँको अशिक्षा हटाउन के भूमिका खेल्नु भो ?' सबै जना शान्त भए पक्कै पनि रविको प्रश्नले गाउँलेको मन जितेको हुनु पर्छ । नेताबाट घुमाइ फिराइ जवाफ आउन थाल्यो त्यसपछि रबि पिपलको बोट मुनि चौतारामा बनाइएको मंच तर्फ अघि बढे र नेतासँग २ मिनेट समय मागे । आफ्नो कुरा ब्यक्त गर्न समय दिँदैनन भन्ने चाल पाएका रबीले नेतालाई मैले सोधेको जावाफको सहज उत्तर मसँग छ तर मलाइ बिस्वास गरि एकपटक मेरो कुरा राख्ने मौका दिनुस भने । नेता सहमत भए । रविले संस्कृतिको नाउँमा पहिलो पटक महिनावारी हुँदा छाउ गोठमा बस्ने संस्कृतिको बिरोध मात्रै गरेनन किन छाउगोठमा छोरी राख्नु हुन्न भन्ने कुरा मज्जाले राखे एउटा महिला भएर छोरीको लागि बोल्न नसक्ने आमाले आफु छोरीको आमा हुँ भन्नु नै बेकार हो भन्दै दुख पोखे । भिड शान्त हुँदै थियो । गाउँमा शिक्षा स्वास्थ्यको अवस्था बर्षौ देखि जस्ताको त्यस्तै रहेकोले आफु शहर गएर खर्च गरेर पढ्नु परेको र गाउँ घरका चेलीले पढ्न नपाएको कुरालाई बलियो ढंगले रविले प्रस्तुत गरे । सबैको आँखामा आँसु देखिन्थ्यो । अन्त्यमा रविले आफु शहर गई पढेर आएको र परिवेश बुझेर आएकोले सबैले साथ् दिएमा सो निर्वाचनमा आफु उठ्ने घोषणा गरेर मंच छाड्न खोज्दै थिए तर नेताले उनलाई रोक्दै भने' बच्चा छस् । रबि जवाफ नदि फर्के सबैले रविको प्रशंशा गर्न थाले । चुनाबी सरगर्मी बढ्यो । आज भोलि गर्दै रविको साथमा गाउँलेहरु उभिन थाले । चुनाबको अन्तिम नतिजा रविको पक्षमा आयो र रबि उक्त गाउँको पालिका अध्यक्षमा निर्वाचित भए । निर्वाचित भए लगत्तै गाउँमा छोरीलाइ शिक्षित बनाउनुको महत्वबारे अभियानको थालनी गरे । बर्षौदेखि पिउने पानीको व्यबस्थापन नहुँदा टाढाबाट पानि ल्याउनु पर्ने समस्याको समाधानको लागि काम गरे । गाउँलेमा आशाको किरण प्रस्फुटन हुन थाले । ५ बर्षे अबधिमा उनले आफ्ना गाउँको विद्यालय जाने उमेर समुहको बालबालिकाहरुलाई पढ्ने ब्यबस्थापन गरे । छाउपडीको करिब करिब अन्त्य गरे । छोरीलाइ बोझको रुपमा लिने समाजमा छोरीलाई पढाउनु पर्छ भन्ने मान्यता स्थापित गरे । गाउँमा स्वास्थ्य चौकोको स्थापना गरे, किसानको काँधमा काँध मिलाएर हिंडे र एउटा अभाब, भोक र समस्याग्रस्त गाँउलाइ सुन्दर बनाए ।

संदेश : हाम्रा गाउँमा अनि शहरमा अझै पनि यी र यस्ता पक्षहरुले जरा गाडेर बसेको छ जसलाई परिवर्तन गर्न सम्भब छ तर केवल एक हिम्मत गरेर सहि र सक्षम व्यक्ति चुन्यौं भने हाम्रो स्थान ले सच्चै नै ! प्रगति गर्नेछ ।

*कक्षा-७*
*रेड रोज इङ्गलिस सेकेन्डरी बोर्डिङ स्कूल, हेटौंडा-१६, चिसापानी*

# वातावरण स्वच्छतामा वनजंगलको महत्व



✍ सुशील वाईबा

**वातावरण भनेको के हो ?**

हाम्रो वरिपरि थुप्रै सजिव तथा निर्जीव वस्तुहरु हुन्छन् । आँखाले नदेखिने सुक्ष्म जीवदेखि मानिस लगायत सम्पुर्ण जीवलाई सजीव भनिन्छ र माटो, हावा, पानी, प्रकाश आदि निर्जीव वस्तुहरु हुन् । त्यो नै वातावरण हो ।

वनजंगल हाम्रो प्राकृतिक संसाधनको अत्यन्त मुल्यवान स्रोत हो । यसले हाम्रो पृथ्वीको स्थितिलाई सुरक्षित राख्न प्रभाव गर्छ र हाम्रो जीवनको निरन्तरता र विकासमा महत्वपुर्ण भुमिका निभाउँछ । वनजंगल धेरै प्रकारका वनस्पतिहरु ज्नविविधताका असाधारण संग्रहालय अन्तरिक्ष विज्ञान र जलवायु विज्ञानका लागि महत्वपुर्ण तथा जनावरहरुको वासस्थल हो ।

वनजंगलको महत्व बुझ्न हाम्रो जीवनका लागि आवश्यक छ । हामी अत्याधिक विकास गर्दै आएका छौँ । जसले प्राकृतिक संसाधनहरुलाई खतराको मूल एक छोटो भाग होचो र यी हाम्रा समुदायको लागि महत्वपूर्ण संसाधन हो ।

वन जंगल जीवनको रक्षाको लागि आवश्यक छ । वन जंगलहरुमा धेरै जीवाणु किराहरु र जनावरहरुको आवासस्थल हुन् । यी सबै वन जंगलले रक्षा गरेको हुन्छ ।

**हाम्रो दैनिक जीवनमा वन जंगलको महत्व :**

१. वन पैदावरको आपूर्ति
२. भूक्षयको रोकथाम
३. स्वच्छ वातावरण
४. वातावरणीय सन्तुलन

**वन जंगल विनाशका कारणहरू :**

१. अनियन्त्रित बसोबास
२. वन पैदावरको तस्करी
३.आगलागी

हामीले वन जंगलको सुरक्षा गर्नुपर्छ । तेह्रौ योजनाको अन्त्यसम्ममा वनले ढाकेको क्षेत्रफल ४४.६ प्रतिशत पुग्ने अनुमान छ ।

एउटा रुखको आयु तीन हजार वर्ष हुन्छ, हजार वर्ष खडा, हजार वर्ष लडा, हजार वर्ष जडा हुन्छन् ।

*कक्षा : ९*

# आज एकल कविता वाचन हुँदै

समाज संवाददाता

हेटौंडाः आज एकल कविता वाचन कार्यक्रम हुँदैछ । ३२८ औं साहित्य सन्ध्याको अवसरमा साहित्य संगम मकवानपुरले एकल कविता वाचन कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा बैकुण्ठ लामिछानले कविता वाचन गर्नुहुने संगमले जनाएको छ । हेटौंडा–४ स्थित संगमको सभाहलमा साहित्य सन्ध्याको अवसरमा लामिछानेले कविता वाचन गर्नुहुने बताइएको छ । लामिछानेले २ वटा कविता वाचन गर्नुहुने संगमकी अध्यक्ष अनिता न्यौपानेले जानकारी दिनुभयो ।

# म शहीद बोल्दैछु



✍ कृषाङ्गी अर्याल

हे माटो ।
सुन्दै छौ नि मलाई
सुनौलो बिहानीलाई
स्वतन्त्रताको कहानीलाई
बुझ्दै छौ नि तिमी ?
मेरो इतिहासलाई
मेरो बलिदानलाई
मेरो रगतलाई
सुन्ने प्रयास गरे
बुन्ने अभ्यास गर
मलाई अर्थात शहीदका शव्दहरुलाई ।

पृथक छ कथा मेरो
बुझ्न नसकेको हो कि व्यथा मेरो
देशको आत्मालाई बचाउन
आफ्नै आत्माको परवाह गरिनँ
बन्दुकका नाल छातीमा सोझ्याउँदा
स्वतन्त्रताको नारा लगाउन पछि हटिनँ
अन्तिम साससम्म पनि देश बोकेरै
ढुकुटी अस्तायो
तर, बिडम्बना
देश र अझै पुरानै काँचुलीमा बेरिरहेको पाएँ ।

मलाई पुस्तकको पानामा सीमित नगरियोस्
शहीद शब्दको अर्थ नघोकाइयोस्
कलिला मस्तिष्कहरुलाई
मेरो इतिहासको कथाले बोझ नबनाइयो
केवल गरियोस्
मैले छाडेर गएका मेरा अधुरा सपनालाई साकार पार्ने काम
मिर्मिरेका उज्यालो किरण र जुनेलीको
एक झुल्को जुन टिपेर
सिंगारियोस् मेरो रगतले भिजेको देशको माटो ।

तिमी सक्छौ, सगरमाथामा मेरो स्वाभिमान खोज्न
मेचि र कालीका साँधमा मेरो पैता खोज्न
आकाश बोकी हिँडेका पंक्षीहरुमा
मेरो सपना खोज्न
हो तिमी पक्कै सक्छौ
नाबालक सन्तानको निशचल आँखामा
भविष्यको समृद्ध सपना खोज्न ।

म यतै छु
यतै कतै
यही माटोमा छोडिएकाको
आत्माबाट भड्किए झैं
वर्षको एकपटक शहीद शब्द सुनेर
झस्किए छ ।
हो म आत्मा लिलाम भएको शहीद बोल्दै छु ।

*बालजागृति इंग्लिस सेकेण्डरी स्कूल*

# रंगीचंगी फुलको फुलबारी



✍ शिष्टता ढोडारी

कति राम्रो फुलबारी हो हेर्नु त आमा
फुलबारीलाई देखेर गाउन मन लाग्यो गाना

फुलबारीमा मलाई कोर्न मन लाग्यो चित्र
साथीलाई भन्ने गर्छौं हामी सबै मित्र ।

फुलबारीमा एउटा सानो पोखरी देखेँ मैले
आकाश निलो भाको जस्तै पोखरी नि निलै

फुलै फुलको फुलबारीमा रंगीचंगी फुल
रंगीचंगी फुलमाथि पुतलीका हुल

*कक्षा-3,*
*रिलायन्स इंग्लिस बोर्डिङ स्कूल*

# मोबाइलको फैसला



संप्रस पौडेल

मोबाइल भन्छ-
आइज मलाई च्याप्प समातेर राखिराख्
तेरी मायालुलाई भन्दा बढी मायाले सुम्सुम्याइराख् ।

मोबाइल अझै भन्दैछ-
बिहानै मन्दिर लैजा र फोटो खिच्
त्योभन्दा अघि शौचालय लैजा र समाचार पढ्
बिहान चिया र टोस्ट
बेलुका रक्सीसँग रोस्ट
फोटो खिच् इन्स्टामा हाल्
फेसबुकमा हल्ला गरुँ

स्टोरीदेखि रिलसम्म
भिक्षाम् देही भिक्षाम् देही
प्रतिक्रिया माग् प्रतिक्रिया माग् ।

कहिलेकाहीँ उसलाई भन्छु-
ए मोबाइल तँ कुनामा बस्
आज छोरीसँग खेल्छु
यो साँझ पत्नीलाई घुमाउन लैजान्छु
फेसबुकमा चिल्ला कमेन्ट गरेबापत
उपहार आएका छन् थुप्रै किताबहरू
आज उनीहरूलाई पढ्छु
गाउँमा बाआमा छन्
मनका कुरा सुनाएर आउँछु
कृपया मलाई समय दे ।

ऊ भन्छ-
तैंले कक्षासमयमा मोबाइल चलाएर
विद्यार्थीका भविष्य बर्बाद पारेका छस्
दुर्घटनामा चित्कारलाई कैद गरेर
सञ्जालमा आत्मा भड्काएको छस् ।

निहुरहेकी युवतीले थाहा नपाउने गरी
झोल्लिएको भित्री अंग युट्युबमा बेच्ने तैं होस्
भोकले हात थापिरहेको शिशुको
अधिकार खोस्ने पनि तैं होस् ।
तिजमा खोलामा नुहाउँदै गर्दा
पेटिकोट भिजेर जिउमा लपक्क टाँसिएको युवतीको
भिडियो खिच्ने तैं होस्
हात थाप्ने वृद्धका हात पन्छाएर
साहुको भोजमा अघौंची घिच्ने तैं होस् ।

आफू हरितन्नम् भएर बिग्रेको बिर्सिइस्
आजै छोरालाई मोबाइलको पूराण सुनाइस्
पत्नीलाई तरकारी डढेकोमा गाली पूराण लाइस्
आफू डुबेर अरूलाई उपदेश दिँदोछस्
आफू बिग्रेर मलाई दोषारोपण गर्दोछस् ।

ऊ मलाई अझै गाली गरिरहेको छ-
सुन् ओई दलदलमा फसेको
मान्छेको रुप भएको जिनिस,
तेरो जिन्दगी तिरेर नसकिनेगरी
तँलाई जन्मकैद फैसला भैसकेको छ
घरमा मोबाइल
समारोहमा प्रोजेक्टर
शौचालयमा मोबाइल
स्कूलमा ल्यापटप
सहरमा डिजिटल बोर्ड
तैंले बाँच्ने रहरको जिन्दगी उहिल्यै सिध्धियो
अब एक जुनीमैं हजार बर्ष कैद भुक्तान गर् ।

# बाँचेछु



सरोजप्रसाद साह

संगीत बचाइराखे मलाई,
म मर्दामर्दै बाँचेछु

तारिफ बचाइराखे मलाई,
म रुँदा-रुँदै हाँसेछु

नसिब बचाइराखे मलाई,
म हार्दा-हारदै जितेछु



त्यो रात, बेरात,
हिम-पहाड,
साथ बचाइराखेछु
संगीत बचाइराखेछु
मेरो जीवनको धून,
मेरो जीवनको मादल तिमी
मेरो श्वासमा तिमी
मेरो रगतमा तिमी

म ढल्दाढल्दै बाँचेछु

संगीत बचाइराखे मलाई,
म मर्दा-मर्दै बाँचेछु
त्यो अन्तिम बोली,
त्यो अन्तिम साथ,
व्यापार बचाइराखे मलाई
म बिक्दा-बिक्दै जितेछु

संगीत बचाइराखे मलाई
म मर्दा-मर्दै बाँचेछु ।




# सात‍ाको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: व्यक्तित्व विकास र धनसम्वृद्धिमा आशावादी बन्दा राम्रो । व्ययभार र समस्यामा कमी आउला । निर्णयात्मक क्षमताले काममा दक्षता प्राप्त होला । दृढ इच्छाशक्तिले काममा लागि परिएला । धार्मिक तथा सामाजिक काममा सरिक ।

**वृष राशि**: सामाजिक तथा साँस्कृतिक कार्यक्रममा संलग्न भइने र मनोरञ्जनमा भुलिने समयको योग छ । नवीन ज्ञान प्राप्त होला । कामप्रति लगनशीलता बढ्ने छ । परोपकार र दानपुण्यमा समय व्यतित होला । कृषि–पशु–व्यापार–व्यवसाय मध्यम । नोकरीमा चुनौति र जोखिम बढ्ने समयको योग छ । विवादले मन खिन्न होला ।

**मिथुन राशि**: साँस्कृतिक क्रियाकलापमा सक्रिय भइनेछ । मातापिता वा मान्यजनको सहानुभूति र आर्शिवाद मिल्ने छ । काममा सफलता प्राप्त होला । व्यापार–व्यवसायमा सफलता प्राप्त योग देखिन्छ । शक्ति र समय त्यति खर्च नहुने समय छ । अध्ययन–अध्यापनका कामबाट लाभ प्राप्त होला । दौडधूपमा समय बित्ने छ ।

**कर्कट राशि**: आफूभन्दा ठूलाको आशिर्वादले र सहानुभूतिले आत्मविश्वास जाग्नेछ । आफ्नो काममा केन्द्रित हुँदा राम्रो रहन्छ । लक्ष्यप्रति दृढ भएर लाग्दा राम्रो होला । परोपकार र दानपुण्यबाट लाभ प्राप्त होला । धार्मिक सामाजिक काममा सरिक । पढाइ–लेखाइ मध्यमकारक रहला । आँटे ताकेका कामबाट लाभ प्राप्त ।

**सिंह राशि**: कर्मप्रति निष्ठा देखिन्छ । सिर्जनात्मक कामबाट सन्तुष्टि मिल्नेछ । भाग्यबल बढ्दै जाला । हाँके/ताकेका काममा सफलता प्राप्त हुनेछ । भाग्यले नचिताएको उपलब्धी हाँसिल होला । सामाजिक तथा आध्यात्मिक योगबाट लाभ प्राप्त होला । अध्ययन–अध्यापनको कामबाट लाभ प्राप्त हुनेछ ।

**कन्या राशि**: दुराशा र महत्वकांक्षाले केवल निराशामात्र बढ्दछ । हतारमा लिएको निर्णय गलत हुनसक्छ । संयमताले काम गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक रहन्छ । सामाजिक,साँस्कृतिक तथा धार्मिक काममा सरिक । पढाइ–लेखाइका कामहरु मध्यम । पुरस्कार र सम्मान पाइने समय योग छ ।

**तुला राशि**: पेशा र व्यवसाय ठिकै रहला । शान्त र रमाइलो वातावरणको सिर्जना हुनेछ । व्यवहारिक र व्यवसायिक चिन्तनका लागि उपयुक्त समय छ । घुमघाम र भेटघाटको समय छ । आनन्द र रमणीयताका लागि समय योग छ । आफूभन्दा ठूलाको आशिर्वाद प्राप्त होला । पढाइ–लखाइ मध्यमकारक छ ।

**वृश्चिक राशि**: सकारात्मक र व्यवहारिक सोचको विकास हुनेछ । आफूभन्दा ठूला व्यक्तिको आशिर्वादले नयाँ सोपान फेला पर्ला । मनमा रिस र घमण्ड त्याग गर्दा राम्रो । उत्ताउलो र भड्किलोपनले हानी पुऱ्याउँला । तर्क,बहस र वादविवादबाट बच्दा राम्रो रहन्छ । पढाइ–लेखाइ मध्यम ।

**धनु राशि**: नयाँ प्रविधि र सिपले व्यवहारमा परिवर्तन होला । आजको परिश्रमले भविष्यमा मार्गनिर्देश गर्ला । सानातिना समस्या हल हुने समय योग छ । गरेको प्रयासबाट सार्थक फल प्राप्त होला । व्यापार–व्यवसाय मध्यम छ । धार्मिक तथा सामाजिक काममा सरिक र लाभ प्राप्त हुनेछ । कार्यक्षेत्र वा प्रशासनिक काम कारोबारमा गोपनियता राख्दा राम्रो रहन्छ ।

**मकर राशि**: समय उपलब्धीपूर्ण र लाभप्रद नै होला । नयाँ काम धन्दा वा व्यवसाय शुरु गर्न अनुकूल समय छ । परिश्रमको मीठो फल प्राप्त हुने समय छ । लक्ष्य प्राप्तिमा कठिनाइ उत्पन्न हुनेछ । प्रगतिका निम्ति सचेत र संयम हुनु ठिक हुन्छ । धार्मिक र सामाजिक काममा सरिक । व्यापार–व्यवसाय ठिकै छ ।

**कुम्भ राशि**: रामरमाइलो त्यागेर पराक्रमी र सामाजिक क्रियाकलापमा संलग्न भइनेछ । सिर्जनात्मक र रचनात्मक काममा जुट्ने अवसर मिल्ला । विगतमा गरेको कामको प्रतिफल पाइएला । मानसिक क्षमताको उपयोग होला । सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । भेटघाट र रमाइलोमा सरिक ।

**मीन राशि**: समय ठिकै छ । समस्यामाथि विजय प्राप्त होला । नयाँ ठाउँमा निवेशको योग बनेको छ । हातमा अचानक नसोचेको काम आइपर्ने छ । शिक्षादीक्षा तर्फको काममा सरिक भइने समय छ । व्यापार–व्यवसाय मध्यम । धार्मिक र परोपकारजन्य काममा सरिक भइने समय योग देखिन्छ

# भुँडी पुजा



नवीन श्रेष्ठ

झण्झटिलो काम भनेको
भुँडी पुजा गर्नु रहेछ
किनकी
भात चढाउनु पऱ्यो, तिऊन चडाउनु पऱ्यो,
साथसाथै अचार पनि चडाउनु पऱ्यो
सोही कारणले गर्दा
घरमा आमा रिसाउँछिन्
त्यसैले
मैले भने नरिसाउनु आमा
म बरु आफै बनाएर
भुँडी पुजा गरुला
म जे गरेर भएपनि
आफ्नो भुँडी भरुला ।

भुँडीका लागि सदाचार छोडी
भ्रष्टाचार गनु पर्दो रहेछ ।
भुँडीका लागि अरुभन्दा
स्वार्थी हुनुपर्दो रहेछ ।

क्षेत्र फरक होला, मन फरक होला
तर भुडी भने त्यही नै भईरहन्छ
दुख्खले कमाएको जायजेथा
भुँडीले नै खाईरहन्छ ।

साथसाथै आफ्नो मात्र होईन
परिवारको भुँडी पनी भन्नुपऱ्यो
किनकी
म छोरा पो हु त !

मत चिन्ता ग्रस्त भाको छु
किनकी
भुँडी पुजा गर्नु अति गारो हुदो रहेछ ।

*जनप्रिय मावि*

# गाउँखाने कथा

१. थुतुनो छ सर्पजस्तो आगोमाथि बस्छ, मुखबाट तुक्र्याउँदै मुखैभित्र पस्छ ।
- चियादानी

२. दश खुट्टा, छ कान, तीन मुख, दई हात ।
- दूध दूहेको

३. दाइ आयो, भाइ छोडी गयो ।
- पैंतालाको छाप

४. दाँत नभएको राँगाले पराल खान्छु ।
- आगो बालेको ।

५. दाँती हेर्दा हीराजस्तो, जुँगा हेरे बाघ, कपडाको चाङभित्र बस्ने त्यसको जात ।
- मकै

# मुक्तक



राहुल तामाङ

१
झल-झल याद आउँछ तिम्रा ती वाचाहरु
कसरी बिर्सन सक्छु म, तिम्रा ती यादहरु
कति मिठा थिए, तिम्रा ती झुठा आशाहरु
जुन पूरा गर्न सकेनौं ती देखाएका सपनाहरु

२
कस्तो माया हो तिम्रो खै बुझ्न पनि गारो पर्ने
मलाई खुसी देख्न मलाई नै त्यागनु पर्ने
मनलाई कसरी बुझायौ तिमीले बुझ्न पनि गारो पर्ने
म हुँदा हुँदै पनि मेरो खुसीका लागि अरुलाई अपनाउनु पर्ने

३
कुन चाहिँ घाउ थियो जुन ताजा थिएन
यति धेरै पीडा मिल्छ अन्दाज थिएन
तिम्रो समुद्र जस्तो आँखाको के कसुर
डुब्ने वालालाई नै गहिराईको अन्दाज थिएन

*मकवानपुर बहुमुखी क्याम्पस*

# नवसर्जकलाई विष्णुकुमारी रिजाल स्मृति सम्मान

समाज संवाददाता

हेटौंडाः नवसर्जक साहित्य चौतारी नेपाललाई विष्णुमाया रिजाल स्मृति सम्मान प्रदान गरिने भएको छ । रुद्रप्रसाद रिजाल स्मृति पुरस्कार कोषले हरेक २ वर्षमा प्रदान गर्दै आएको नगद पचास हजार राशिसहितको सम्मान प्रदान गर्न लागिएको नवसर्जक साहित्य चौतारी नेपालका सल्लाहकार डीबी बर्तौलाले जानकारी दिनुभएको छ ।

# म्यानेजमेन्टको वेष्ट...

गर्दै दोस्रो भएका छन् भने १६ मिनेट ६ सेकेण्डमा दुरी पार गर्दै अमोद महतो तेस्रो भएका छन् । महिलातर्फ १२ मिनेट ३६ सेकेण्डमा निधारित दुरी पार गर्दै गौरीमाया तामाङ प्रथम भएकी छिन् । आयुषा उप्रेतीले १३ मिनेट ५ सेकेण्डमा दुरी पार गर्दै दोस्रो भएकी छिन् भने १३ मिनेट ५७ सेकेण्डमा निर्धारित दुरी पार गर्दै इशा महत तेस्रो भएकी छिन् । २५ औं स्थापना दिवसको अवसरमा म्यानेजमेन्टले कक्षा ११ र १२, स्नातक र स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीबीच एथ्लेटिक्सका विभिन्न प्रतियोगिता आयोजना गरेको हो ।

# वडा कार्यालय भवन उद्घाटन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको ७ नम्बर वडा कार्यालय भवन उद्घाटन गरिएको छ । शुक्रबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामा र उपप्रमुख राजेश बानियाँले संयुक्त रुपमा भवन उद्घाटन गर्नुभएको हो ।

वडा कार्यालय भवन ५१ लाख रुपैयाँमा निर्माण सम्पन्न भएको वडा अध्यक्ष दामोदर गौतमले बताउनुभयो । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका-७ का वडा सदस्य श्याम सुन्दर परियारले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रम हेटौंडा उपमहानगर पालिका-७ का वडा सचिव प्रशान्त श्रेष्ठले संचालन गर्नुभएको थियो । भवन उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, ७ नम्बर वडाका सदस्यहरु दिनेश थापा मगर, सन्तु माया पाखिन, राधिका बिकको उपस्थिति रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# भुटनदेवी माविका मनिष, मुकेश र लक्ष्मण उत्कृष्ट शिक्षक

समाज संवाददाता

हेटौंडाः हेटौंडा–४ स्थित भुटनदेवी माविमा मनिष महर्जन, मुकेश कुमार मिश्र र लक्ष्मण भण्डारी उत्कृष्ट शिक्षकको रुपमा सम्मानित हुनुभएको छ। शुक्रबार ५६ औं अभिभावक भेलाको अवसरमा विद्यालयले मावि तहमा महर्जन, निमावि तहमा मिश्र र प्रावि तहमा भण्डारीलाई उत्कृष्ट शिक्षकको रुपमा सम्मान गरेको हो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष फुर्वा दोर्जे लामाको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा अभिभावक भेलामा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष नवीन सिग्देल, पूर्वअध्यक्षहरु गोविन्द दाहाल र ज्योति बज्राचार्यलाई सम्मान गरिएको छ। यस्तै शिक्षक अभिभावक संघका पूर्वअध्यक्ष रामप्रसाद श्रेष्ठ र अजीव भट्टराईलाई पनि सम्मान गरिएको छ।

अभिभावक भेलाको अवसरमा २० वर्षभन्दा बढी समयदेखि सेवा गरिरहेका शिक्षक, कर्मचारी ८ जनालाई सम्मान गरिएको छ। विद्यालयले वार्षिक परीक्षामा कक्षागत प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई पुरस्कृत गरेको छ। यस्तै विद्यालयको प्रतिनिधित्व गरी जिल्लास्तरीय प्रतियोगितामा सहभागी भई प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई जनही क्रमशः एक हजार, सात सय र पाँच सय रुपैयाँ नगदसहित सम्मान गरिएको छ। विद्यालयले शैक्षिक क्षेत्रका समाचारलाई प्राथमिकता दिएर प्रकाशन गरेको भन्दै समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठलाई पनि सम्मान गरेको छ।

अभिभावक भेलामा विद्यार्थीले नृत्य, गायन कला प्रस्तुत गरेका थिए। विद्यार्थीले शैक्षिक प्रदर्शनीको पनि आयोजना गरेका थिए। १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा एक हजार ८ सय विद्यार्थी अध्ययनरत छन्। अभिभावक भेलामा प्रधानाध्यापक माधवप्रसाद दाहाल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष फुर्वा दोर्जे लामाले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो। अभिभावक भेला समारोहमा हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका प्रमुख गंगाधर रिमाल, विद्यालयका पूर्वप्रधानाध्यापकहरुको पनि उपस्थिति रहेको थियो।

# सिटीमा क्रिकेट सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा–५, पिप्लेस्थित हेटौंडा सिटी कलेजको तीन दिवसीय खेलकुद महोत्सवको दोस्रो दिन क्रिकेट प्रतियोगिता भएको छ। बिहीबार बिहान बुद्धचोकमा दौड प्रतियोगिता आयोजना गर्दै सुरु भएको महोत्सवको दोस्रो दिन शुक्रबार क्रिकेट प्रतियोगिता भएको हो।

क्रिकेट प्रतियोगितामा बीसीए प्रथम सेमेष्टरले उत्कृष्ट बलिङ गर्दै जित हासिल गरेको हेटौंडा सिटी कलेजकी लेखा प्रशासक प्रिया पाण्डेले जानकारी दिनुभयो। पहिलो दिन बिहीबार दौड, बुद्धिचाल, टेबलटेनिस, भलिबल र ब्याटमिन्टन प्रतियोगिता भएको थियो। दौडमा राहुल ओजाय प्रथम, ओशीष प्रजा द्वितीय र रोहन चौधरी तृतीय भएका छन्। ब्याटमिन्टन प्रतियोगितामा सुमन श्रेष्ठ प्रथम, विकास तिमल्सिना द्वितीय र सृजन कार्की तृतीय भएका छन्। यस्तै, टेबल टेनिसमा आयुष चौलागाई प्रथम, सुजितराम ढकाल द्वितीय भएका छन् भने छात्रातर्फ नेवेडिका गौतम उत्कृष्ट भएकी छन्। बुद्धिचालमा आयुष आचार्य प्रथम र आयुष लुईटेल द्वितीय भएको पाण्डेले जानकारी दिनुभयो। यसैगरी महोत्सवको अन्तिम दिन आज शनिबार फुटबल प्रतियोगिता भएपछि महोत्सव समापन गरिने उहाँले बताउनुभयो।

## कलैया टी–२० क्रिकेट

# मकवानपुर फाइनल प्रवेश




समाज संवाददाता

हेटौंडाः मकवानपुर क्रिकेट टिम बारा जिल्लाको कलैयामा जारी कलैया टी–२० मेयर कपको फाइनलमा प्रवेश गरेको छ। शुक्रबार भएको सेमिफाइनल खेलमा आयोजक कलैयालाई ३७ रनले हराउँदै मकवानपुर फाइनल प्रवेश गरेको हो।

टस जितेर पहिले ब्याटिङ गरेको मकवानपुरले २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ९७ रन बनायो। मकवानपुरका लागि शुभ कंशाकारले शतकीय पारी खेले। उनले ५७ बलमा १ सय २३ रन बनाए। खेलको म्यान अफ द म्याच कंशाकार घोषित भए।

मकवानपुरका कप्तान सुमन सुनारले १९ बलमा १७ रन बनाए। यस्तै, गौरव खड्काले १० बलमा १४ रन बनाए। मकवानपुरका लागि बलिङतर्फ रिजन ढकाल र आशीष पोखरेलले समान ३–३ विकेट लिए भने विशाल फुयाँलले २ विकेट लिए। कलैयाले १९.३ ओभरमा अलआउट हुँदै १ सय ६० रनमात्र बनायो। मकवानपुरले शनिबार हुने फाइनल खेलमा पर्साको वीरगञ्जसँग उपाधिका लागि खेल्नेछ। यसअघि वीरगञ्जलाई मकवानपुरले समूह चरणमा हराएको थियो भने सुरुको खेलमा भारतको बेतिया जिल्लालाई ५२ रनले हराएको थियो। प्रतियोगिताको विजेताले ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# सिद्धार्थ शिशु सदनको ४३ औं अभिभावक दिवस

समाज संवाददाता

हेटौंडाः हेटौंडा–५, सानो पोखरास्थित सिद्धार्थ शिशु सदन बोर्डिङ स्कूलको ४३ औं अभिभावक दिवस शुक्रबार आयोजना गरिएको छ। विद्यालयका प्रधानाध्यापक निर्मल पराजुलीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा अभिभावक दिवस समारोह भएको हो।

कार्यक्रममा मेयर लामाले अहिलेको मागअनुसार अंग्रेजी माध्यम महत्वपूर्ण रहेको बताउनुभयो। अभिभावक दिवसमा कक्षा १ देखि १० सम्मका कक्षागतरुपमा प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीलाई स्टेशनरी सामग्रीले पुरस्कृत गरिएको छ। यस्तै, खेलकुद, अनुशासन र एसईईमा उत्कृष्ट विद्यार्थीलाई पनि स्टेशनरी सामग्रीले पुरस्कृत गरिएको छ।

दिवस समारोहमा रिलायन्स इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूलका संस्थापक प्रिन्सिपल केशवलाल श्रेष्ठ, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदी, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका शिक्षा अधिकृत उन्नति ढकाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवराज अर्यालगायतको उपस्थिति थियो। दिवस समारोहमा विद्यार्थीले नृत्य, गायनजस्ता सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

# अस्थायी शिक्षकद्वारा आन्दोलनको चेतावनी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकाका अस्थायी (करार) शिक्षकहरुले आफ्ना माग पूरा नभए आन्दोलन गर्ने चेतावनी दिएका छन्। शुक्रबार उनीहरुले गाउँपालिका अध्यक्ष राजकुमार मल्ललाई ध्यानाकर्षणपत्र बुझाउँदै ४ बुँदे माग प्रस्तुत गरेका छन्।

अस्थायी शिक्षकहरुले २०७२ साल असोज २ गतेपछि नियुक्त भएका अस्थायी (करार) शिक्षकलाई एकपटक संघीय शिक्षा ऐनमा आन्तरिक परीक्षाको व्यवस्था गर्नुपर्ने, खुला विज्ञापनमा उमेर हद लगाउन नहुने, रोजगारीबाट विस्थापित गर्न नहुने र एकपटक पनि आन्तरिक परीक्षाको अवसर बिना विस्थापित गरिएका शिक्षकहरुलाई पुनः स्थापित गरी आन्तरिक परीक्षाको व्यवस्था गर्नुपर्ने माग राखेका छन्। गाउँपालिका अध्यक्षलाई ध्यानाकर्षण गराइएको मागहरु पूरा नभए कडा आन्दोलनमा जाने अस्थायी (करार) शिक्षक संघर्ष समिति राक्सिराङ गाउँपालिकाका अध्यक्ष शिवराज गिरीले बताउनुभयो।

नेपाल सरकारले अस्थायी शिक्षकको व्यवस्थापन गर्ने क्रममा २०७२ साल असोज २ गतेसम्म नियुक्त अस्थायी करार शिक्षकलाई शतप्रतिशत, ७५%, आन्तरिक तथा गोल्डेन ह्याण्ड चेकको दोहोरो सुविधा प्रदान गरेको तर सो मितिपछि नियुक्त शिक्षकलाई कुनैपनि सुविधा नदिई विस्थापित गराउन खोजिएको गिरीको भनाइ छ। उहाँले शिक्षक सेवा आयोगको प्रक्रिया तत्काल स्थगित गरी संघीय शिक्षा ऐनमा उपयुक्त विधेयक मार्फत समस्याको समाधान निकालेर मात्र विज्ञापन गर्न ध्यानाकर्षण गराएका छन्।

# श्रीमद् भागवत सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा ७ र ८ मा रहेको किरणचोक टोल विकास संस्था, किरणचोक आमा समूह र शिवशक्ति एकादशी समूहको संयुक्त आयोजनामा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ सुरु भएको छ। शुक्रबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा शोभा कलशयात्रासँगै सप्ताहको उद्घाटन भएको किरणचोक आमा समूहका अध्यक्ष साबित्री अधिकारीले जानकारी दिनुभयो।

पहिलो दिन शुक्रबार राजपानी धारामा पुगेर कलशमा जल अर्पण गरी मिलनचोक हुँदै सप्ताह स्थलसम्म कलशयात्रा भएको अधिकारीले बताउनुभयो। आज शनिबारबाट दैनिक यज्ञ पूजा, कथा वाचन, दानवीरहरुलाई सम्मानपत्र वितरण गरिने उहाँले जानकारी दिनुभयो।

शोभा कलशयात्रामा किरणचोक टोल विकास संस्थाका अध्यक्ष राजु अधिकारी, शिवशक्ति एकादशी समूहका अध्यक्ष बद्रीप्रसाद अर्याल, हेटौंडा उपमहानगरपालिका–७ का वडा अध्यक्ष दामोदर गौतम, हेटौंडा उपमहानगर पालिका–८ का वडा अध्यक्ष राम थापालगायतको उपस्थिति थियो।

## जागरण बचत तथा ऋण सहकारी संस्था लि.

मकवानपुरगढी गाउँपालिका–३, मक्रान्चुली

**कर्मचारी आवश्यकता**

सूचना प्रकाशित मिति : २०७९/११/११ गते

यस जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेडका लागि तपशिल बमोजिमको कर्मचारी आवश्यकता परेकोले संचालक समितिको मिति २०७९/११/११ गतेको बैठक निर्णय अनुसार दरखास्त आव्हान गरिन्छ। योग्य, ईच्छुक नेपाली नागरिकले मिति २०७९/११/२६ गते कार्यालय समयभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

विज्ञापन नं : ०१/०७९/०८०
पद : सेवा केन्द्र प्रमुख (हटिया सेवा केन्द्रका लागि)।
तह : ५ (पाँचौ)।
संख्या : १ (एक) जना।
शैक्षिक योग्यता : व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण।
अनुभव : वित्तीय संघ, संस्थामा २ वर्ष कार्य गरेको।
उमेर : २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
वाञ्छनीय योग्यता : कम्प्युटर सञ्चालन सम्बन्धी विशेष दख्खल भएको।
सेवाको किसिम : स्थायी।
परीक्षण काल : ६ महिना (परीक्षणकाल समाप्त भएपश्चात स्थायी नियुक्ति दिनुका साथै सामाजिक सुरक्षा कोषमा सहभागी गराइने छ।)
आवदेन फारम शुल्क : रु. ५००/– (फारम कार्यालयमा उपलब्ध हुनेछ।)
तलब स्केल : २२,०००/– (अक्षरुपी बाईस हजार मात्र)
अन्य सुविधा : संस्थाको नियमानुसार हुनेछ।
आवश्यक कागजातहरु : शैक्षिक प्रमाणपत्रको प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रतिलिपि पासपोर्ट साइजको फोटो २ प्रति।(रित पुगेका निवेदनलाई मात्र परीक्षामा सम्मिलित गरिनेछ।)
परिक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक।
सम्पर्क मिति : २०७९/११/२६ गते (कार्यालय समयमा)
(मोटरसाईकल वा स्कुटर चलाउन सक्ने लाईसेन्स प्राप्त आफ्नै साधन भएका तथा कार्यअनुभव भएकालाई प्राथमिकता दिईनेछ।)

## जागरण बचत तथा ऋण सहकारी संस्था लि.

मकवानपुरगढी गाउँपालिका–३, मक्रान्चुली

सम्पर्क नं ९८४५९४४१८१, ९८५५०७०३५६, ९८५५०२७३५६

## व्यावसायिक तालिम लिई रोजगारीमा जान चाहने युवाहरुलाई

सूवर्ण अवसर ! सूवर्ण अवसर !! सूवर्ण अवसर !!!

**विभिन्न प्राविधिक विषयमा निःशुल्क तालिम सम्बन्धी सुचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बागमती प्रदेश कार्यालयको आर्थिक सहयोगमा यस वन्डरफुल ट्रेनिङ एण्ड कन्सलटेन्सी प्रालि महालक्ष्मीस्थान–१५, ललितपुर संस्थाले मिति २०७९/११/२३ देखि २०८०/०२/०८ सम्म तपसिलका विषयमा रोजगारीको सुनिश्चितासहित सिटिईभिटीको पाठ्यक्रम अनुसार ३९० घण्टे निःशुल्क तह–१ को तालिम (खाजासहित) सञ्चालन गर्न लागेको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यस संस्थामा मिति २०७९/११/२१ गतेसम्ममा तालिमका लागि आवेदन दिन हुन अनुरोध गरिन्छ। आवेदन फारम निःशुल्करुपमा जय प्रकृति सिलाई प्रशिक्षण केन्द्र, हेटौंडा–४, खोपेगल्लीमा प्राप्त गर्न सक्नुहुनेछ।

**तालिममा सहभागी हुन निम्न योग्यता हुनुपर्ने जानकारी समेत गराईन्छ।**
क) सामाजिक तथा आर्थिक रुपले विपन्न
ख) नेपाली नागरिक
ग) उमेर समूह (महिला तथा पुरुषहरुको लागि १६ देखि ४० वर्ष
घ) तालिमका लागि कम्तिमा साक्षर हुनुपर्नेछ।

**तालिम सञ्चालन हुने विषयहरु**

| विषय | प्रशिक्षार्थी संख्या | तालिम संचालन हुने स्थान | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| मेशन तह–१ | २० महिला/पुरुष | हेटौंडा उप–महानगरपालिका | मेनुका श्रेष्ठ | ९८५५०३१३३५/९८५५०१३१९४ |

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**
– नागरिकताको प्रमाणित प्रतिलिपी १ प्रति, – शैक्षिक योग्यता प्रमाणपत्रहरु १ थान।
– पासपोर्ट साइजको फोटो २ थान। –स्थानीय तहको सिफारिस पत्र १ प्रति।

**प्राथमिकतामा पर्ने समूहहरु**
लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति, महिला, आदिवासी जनजाति, मुस्लिम, गरिब मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवाहरु, अन्य जातजातिका गरिब बेरोजगार युवाहरु तथा मानव विकास सूचकांकमा पछि परेका जिल्लाहरुका गरिब बेरोजगार युवाहरु।
तालिम पश्चात सीप परीक्षण साथै रोजगारीमा समेत सहजीकरण गरिनेछ।
**संस्थाको नाम** : वन्डरफुल एण्ड कन्सलटेन्सी प्रालि महालक्ष्मीस्थान–१५, ललितपुर
टेलिफोन नं: ०१–५५२९६२६, ९८५५०३१३३५

## व्यावसायिक तालिम लिई रोजगारीमा जान चाहने युवाहरुलाई

सूवर्ण अवसर ! सूवर्ण अवसर !! सूवर्ण अवसर !!!

**विभिन्न प्राविधिक विषयमा निःशुल्क तालिम सम्बन्धी सुचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बागमती प्रदेश कार्यालयको आर्थिक सहयोगमा यस साना व्यवसाय परामर्श तथा तालिम केन्द्र प्रालि बीरगंज–१४, पर्सा संस्थाले मिति २०७९/११/२३ देखि २०८०/०२/०८ सम्म तपसिलका विषयमा रोजगारीको सुनिश्चितासहित सिटिईभिटीको पाठ्यक्रम अनुसार ३९० घण्टे निःशुल्क तह–१ को तालिम (खाजासहित) सञ्चालन गर्न लागेको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यस संस्थामा मिति २०७९/११/२१ गते सम्ममा तालिमका लागि आवेदन दिन हुन अनुरोध गरिन्छ। आवेदन फारम पाउने स्थान जय प्रकृति सिलाई प्रशिक्षण केन्द्र, हेटौंडा–४, खोपेगल्ली।

**तालिममा सहभागी हुन निम्न योग्यता हुनुपर्ने जानकारी समेत गराईन्छ।**
क ) सामाजिक तथा आर्थिक रुपले विपन्न
ख ) नेपाली नागरिक
ग ) उमेर समूह–महिला तथा पुरुषहरुको लागि १६ देखि ४० वर्ष
घ ) तालिमका लागि कम्तिमा साक्षार हुनुपर्नेछ।

**तालिम सञ्चालन हुने विषयहरु**

| विषय | प्रशिक्षार्थी संख्या | तालिम संचालन हुने स्थान | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| जुनियर प्लम्बर | तह–१ २० महिला/पुरुष | हेटौंडा उप–महानगरपालिका | विष्णु श्रेष्ठ | ९८५५०–१३१९४/९८५५०३१३३५ |

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**
– नागरिकताको प्रमाणित प्रतिलिपी १ प्रति, – शैक्षिक योग्यता प्रमाणपत्रहरु १ थान।
– पासपोर्ट साइजको फोटो २ थान। –स्थानीय तहको सिफारिस पत्र १ प्रति।

**प्राथमिकतामा पर्ने समूहहरु**
लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति, महिला, आदिवासी जनजाति, मुस्लिम, गरिब मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवाहरु, अन्य जातजातिका गरिब बेरोजगार युवाहरु तथा मानव विकास सूचकांकमा पछि परेका जिल्लाहरुका गरिब बेरोजगार युवाहरु।
तालिम पश्चात सीप परीक्षण साथै रोजगारीमा समेत सहजीकरण गरिनेछ।
**संस्थाको नाम** : साना व्यवसाय परामर्श तथा तालिम केन्द्र प्रा.लि बिरगंज–१४, पर्सा
टेलीफोन नं: ०५१–५२५९००, ९८५५०३१३३५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा–४, अजरअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ